स्थानीय सरकार
दुधौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं.

मिति: २०८३/०१/१७

**सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन सम्बन्धि सूचना ।**

जिल्ला प्रशासन कार्यालय सिन्धुलीको प. सं. स्था. प्र. तथा शा. सु. ०८२/०८३, च. नं. ११७८, मिति २०८२/१२/२३ को पत्र अनुसार नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट शासकीय सुधार सम्बन्धी एकसय कार्य सूचीहरु मध्ये बुँदा न. ९२ बमोजिम सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने। नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने व्यहोरा सहितको पत्र रहेको र यस नगरपालिका क्षेत्रभित्रको सार्वजनिक जग्गा / खोला खहरेको जग्गा /ऐलानी प्रती जग्गा अतिक्रमणमा रोक लगाउने र अबैध कब्जा हटाउने सम्बन्धी यस नगरपालिकाको मिति २०८३/०१/१६ मा बसेको १६२ औं कार्यपालिकाको बैठकको निर्णय भएकोले सो उल्लेखित जग्गामा संरचना निर्माण, अवैध कब्जा भएको भए १५ दिनभित्र हटाइदिनु हुन र कोहि कसैले संरचना निर्माण गरेको भएमा सोको सूचना नगरपालिका/ वडा कार्यालयमा उपलब्ध गराइदिनु हुन सम्पूर्ण नगरबासीहरुमा अनुरोध छ।

दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुली

प्रजिअ फोन : ०४७-५२०५२२
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

पत्रसंख्याःस्था.प्र.तथा शा.सु.०८२/०८३ — मितिः- २०८२/१२/२३

चलानी नं. :- ११६८ — नेपाल संवतः- ११४६

**विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा ।**

श्री कार्यालय प्रमुख (सबै)
सिन्धुली ।
श्री प्रमुख प्रशासकीय अधिकृत (सबै)
सिन्धुली ।

गृह मन्त्रालय सिंहदरवारको च.नं. ५५१ मिति २०८२/१२/२० गतेको पत्र बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु स्वीकृत भएको अवस्था विदितै छ । उक्त कार्यसूचीको बुँदा नं. ९२. मा देहायको विषय उल्लेख रहेको छ:

*"सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अबैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने। नेपाल बाल संगठन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग (हरिबाबु आयोग) को प्रतिवेदन बमोजिम बाल सङ्गठनको जग्गा अतिक्रमण तथा हिनामिना सम्बन्धी अनुसन्धान १५ दिनभित्र सुरु गर्ने ।"*

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको लागि स्थानीय तहले नगर प्रहरीको परिचालन गर्न सक्ने व्यवस्था गरेको छ ।

अतः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को निर्णय अनुसार स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ को कार्यान्वयनका लागि निर्देशन अनुसार अनुरोध छ।

दुधौली नगरपालिका
दर्ता नं. ३९८०
मिति ०८२/१२/२८

दिपेन्द्र पौडेल
प्रमुख जिल्ला अधिकारी

Web: daosindhuli.moha.gov.np    Email: cdosindhuli@gmail.com

आज मिति २०८३/०१/१६ गते वुधवार यस दुधौली नगर कार्यपालिकाको १६२ औं कार्यपालिका बैठक कार्यवाहक नगर प्रमुख श्री चन्द्रकिशोर थारुज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा बस्यो।

**बैठकमा पेश हुने प्रस्तावहरु:**

१. मिति ०८३/०१/ ११ गते सम्पन्न १६१ औं कार्यपालिका बैठकबाट भएको निर्णयहरुको समीक्षा सम्बन्धमा।

२. आयोजना प्रस्ताव सम्बन्धमा।

३. प्रदेश सशर्त पालिका स्तरीय कृषि, फलफुल तथा पशुपाल सम्बन्धी आयोजना छनौट सम्बन्धमा।

४. विविध।

**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ उपदफा ४ खण्ड क (२) बमोजिम पेश।**

चन्द्रकिशोर थारु
**का.बा.नगर प्रमुख**

उपस्थिति:

| दस्तखत | पद | नाम |
|---|---|---|
| | का.वा. नगरप्रमुख | श्री चन्द्रकिशोर थारु (उप प्रमुख) |
| | सचिव | श्री दिनेशराज पन्त (प्रमुख प्रशासकीय अधिकृत) |
| | सदस्य | श्री जय वहादुर पौडेल (वडा अध्यक्ष वडा नं १) |
| | सदस्य | श्री रितेश राउत (वडा अध्यक्ष वडा नं २) |
| | सदस्य | श्री भद्रा कुमारी माझी (वडा अध्यक्ष वडा नं ३) |
| | सदस्य | श्री रित वहादुर विश्वकर्मा (वडा अध्यक्ष वडा नं ४) |
| | सदस्य | श्री यदुप्रसाद काफ्ले (वडा अध्यक्ष वडा नं ५) |
| | सदस्य | श्री कमान सिंह आलेमगर (वडा अध्यक्ष वडा नं ६) |
| | सदस्य | श्री राजन दाहाल (वडा अध्यक्ष वडा नं ७) |

| दस्तखत | पद | नाम |
|---|---|---|
| | सदस्य | श्री केशव वराल (वडा अध्यक्ष वडा नं ८) |
| | सदस्य | श्री देव प्रसाद अधिकारी (वडा अध्यक्ष वडा नं ९) |
| | सदस्य | श्री कुमार शर्मा (वडा अध्यक्ष वडा नं १०) |
| | सदस्य | श्री पवन कार्की (वडा अध्यक्ष वडा नं ११) |
| | सदस्य | श्री दिनेश कुमार भट्टराई (वडा अध्यक्ष वडा नं १२) |
| | सदस्य | श्री दिपक खड्का (वडा अध्यक्ष वडा नं १३) |
| | सदस्य | श्री भैर वहादुर पुलामी मगर (वडा अध्यक्ष वडा नं १४) |
| तुलसा | सदस्य | श्री तुलसा कुमारी बैजु (कार्यपालिका महिला सदस्य) |
| संगीता | सदस्य | श्री संगिता देवी सिंह (कार्यपालिका महिला सदस्य) |
| | सदस्य | श्री टेककुमारी वुढाथोकी (कार्यपालिका महिला सदस्य) |
| सिता | सदस्य | श्री सिताकुमारी विश्वकर्मा (कार्यपालिका महिला सदस्य) |
| अति | सदस्य | श्री अतिमाया मोक्तान (कार्यपालिका महिला सदस्य) |
| | सदस्य | श्री कमला वि.क. (कार्यपालिका दलित/अल्पसंख्यक) |
| | सदस्य | श्री जितवहादुर भुजेल (कार्यपालिका दलित/अल्पसंख्यक) |
| | सदस्य | श्री हिरण माझी (कार्यपालिका दलित/अल्पसंख्यक) |

**निर्णय नं ४ (विविध- ३)**

यस नगरपालिका वडा नं ११ स्थित मैनी गाउँमा कमला नदीले कटान गरेको र उक्त नदी नियन्त्रको लागि विपद व्यवस्थापन कार्यक्रमबाट ४० थान तारजाली उपलब्ध गराईएको तर उक्त तारजाली भर्ने रकम व्यवस्थापन नभएकोले सो स्थानमा तारजाली भर्न आवस्यक पर्ने ढुङ्गा संकलन तथा तारजारी भर्न लाग्ने ज्याला खर्च वापतको लागत अनुमान अनुसारको रकम रु २६८०६२। नगरपालिकाको प्रकोप (विपद्) व्यवस्थापन कोषबाट उक्त कार्यसम्पन्न भए पछि आवश्यक विल भरपाइको आधारमा पेश्की फरफारक हुने गरी ११ नं वडा कार्यालयका वडा सचिव श्री राजकिशोर अधिकारीलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ४ (विविध-४)**

वडा नं ६ स्थित जनजागरण मा.वि. हर्षाहीमा वडा अनुदानबाट कार्यरत नृत्य शिक्षक सुष्मा भुजेल र कम्प्युटर शिक्षक बासुदेव कुमरलाइ यस आ.व. को असार मसान्तसम्म निरन्तरता दिने निर्णय गरियो।

**निर्णय नं ४ (विविध-५)**

जिल्ला प्रशासन कार्यालय सिन्धुलीको मिति २०८२।१२।२३ च.न. ११७८ को प्राप्त पत्र अनुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०८२ चैत्र १३ गतेको बैठकबाट शासकीय सुधार सम्बन्धी एकसय कार्य सूचीहरु मध्ये बुँदा न. ९२ को सार्वजनिक जगाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्ने डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अबैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने। नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अबैध कब्जा हटाउने बिशेष अभियान बढाउने लगायतका सन्दर्भमा यस नगरपालिका अन्तर्गत उपरोक्त अनुसार सार्वजनिक जगा / खोला खहरेको जगा /ऐलानी प्रती जगा अतिक्रमणमा रोक लगाउने र अबैध कब्जा हटाउने सम्बन्धी नगरबासीहरुको नाममा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र सोको विवरण वडा कार्यालय मार्फत यस कार्यालयमा उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ उपदफा २ (ज) तथा दुधौली नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली २०७४, को नियम १५ (५) बमोजिम प्रमाणित।

दिनेश राज पन्त

प्रमुख प्रशासकीय अधिकृत